(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



भारतीय नेपाली कविता अङ्क ३

जेठ २०७८

२३६

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

**२०७८ जेठ ( May–Jun 2021)**

वर्ष २० अङ्क ८ पूर्णाङ्क २३६ (Year 20 Issue 8 Total issue 236)

संरक्षक : प्रा. राजेन्द्र सुवेदी
सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

प्रधान-सम्पादक : धीरकुमार श्रेष्ठ
सम्पादक : भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे र टेकेन्द्र चेम्जोङ
यस अङ्कका संयोजक : दीपक सुवेदी
कला संयोजन : राजेश मानन्धर
व्यवस्थापन : तुलसीकुमार कन्दङ्वा
वेब प्रायोजन : https://pustakalaya.org
http://bit.ly/sabdankur

आवरण : केही भारतीय नेपाली साहित्यकारहरू

ISSN : 2773-7969

मूल्य रु. २५/-

9 771227 73 7969

**यस अङ्कका कविहरू**

शरदकुमार छेत्री, छत्रमान सुब्बा, भोला 'विद्रोही', अर्जुन पीयूष, मञ्जिल थाम्देन, खडकराज गिरी, मिलन माझी, वैद्यनाथ उपाध्याय, रोशन दियाली, सीतादेवी छेत्री, हर्कबहादुर लागादे (रोहित), प्रेम नेउपाने, साजन घिमिरे, सुवास दाहाल, रण काफ्ले, ओमनाथ नेपाल, जय क्याक्टस, प्रेमिका शर्मा, सतीस दियाली, वत्स वेदनिधि दाहाल, सुभद्रा बम्जन, एन.एल. कपिल 'रटन', निलीमा आचार्य, बसन्ती पौडेल, लक्षिमा उपाध्याय, शरद सुब्बा, लोकनाथ उपाध्याय चापागाईं, नीमा छिरिङ भोटिया, युवा बराल 'अनन्त', विशाल हाङ्खिम, अजम प्रधान, कीर्तिमणि खतिवडा, उद्धवगोपाल श्रेष्ठ, नरेन बान्तवा 'विप्लवी', समीर सन्देश मुखिया, जीवनकुमार छेत्री, गायत्री भट्टराई, देवकुमार दमी र मञ्जुला तामाङ सुब्बा ।

# सङ्कटमा लैङ्गिक हिंसाको रोकथाम तीनै तहका सरकारले निर्माण गरौँ नयाँ आयाम

**नेपाल सरकार**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# हाम्रो अभिमत

नेपाली भाषा र साहित्य आजका दिनमा नेपालभित्र मात्र सीमित छैन । विश्वका थुप्रै देशमा यो फैलिसकेको छ । नेपालीहरू जहाँ जहाँ पुगे त्यहाँ त्यहाँ नेपाली भाषा र साहित्य लिएर पुगे । किनभने यो हामी सबै नेपालीको साझा पहिचानको विषय हो । यसले नै नेपाली र नेपालीत्वलाई सम्पूर्ण विश्वमा जीवित राखेको छ । यही क्रममा छिमेकी देशसँग देशीय सीमारेखा कोरिनुभन्दा पनि अगाडिदेखि नेपाल भारत दुवैतिर नेपाली भाषीको बसोबास रहिआएको तथ्य निर्विवाद छ । भारतीय नेपालीहरूले त्यहाँ नेपाली भाषा र साहित्यको जगलाई मजबुत पारेर आफ्नो पहिचानलाई विदेशी भूमिमा पनि कायम राखे । पुर्खाको गौरवलाई उनीहरूले सदा काल जीवित राखे । यही कारण छिमेकी देश भारतमा पनि नेपालीसँगै नेपाली भाषा र साहित्यले पनि पुष्पित र पल्लवित हुने अवसर प्राप्त गऱ्यो । हिजोका दिनमा नेपाली साहित्यका लागि जति देशभित्रबाट काम भएका थिए त्यसभन्दा कुनै पनि अर्थमा छिमेकी देशबाट कम काम भएको थिएन । नेपाली साहित्यका स्वनामधन्य नामहरू जति देशभित्र चर्चित थिए उति नै भारतीय नेपाली साहित्यकारहरू नेपालभित्र परिचित थिए । यसरी शदियौँदेखि नेपाली भाषा र साहित्यले दुई देशीय सीमालाई नाघेर पनि आफ्नो अस्तित्वलाई सदा काल जीवित राख्दै आएको छ । हाम्रा पुर्खाले कायम गरेको यो इतिहास आजसम्म पनि जीवित छ । हिजोका दिनमा यातायात र सञ्चारको सहज सुविधा नहुँदा पनि दुई देशीय सीमाले नेपाली भाषा र साहित्यको प्रचार, प्रसार र फैलावटलाई रोक्न सकेन । आजका दिनमा विज्ञान र प्रविधिले फड्को मारिसकेको छ । यस्तो अवस्थामा दुई देशीय सीमा नाघेर नेपाली भाषा र साहित्य नेपाल र भारतमा हुर्किंदै गएको छ । यसमा आजको विज्ञान र प्रविधिले सिर्जना गरेको भर्चुअल विश्व परिवेशले सहजता थपेको छ । यही मेसोमा दुई देशका बिचको नेपाली भाषा र साहित्यको अवस्थितिलाई विज्ञ पाठकसामु जस्ताको तस्तै पस्किने प्रयासस्वरूप यसभन्दा अगाडि भारतीय नेपाली कविता अङ्क १ र अङ्क २ प्रस्तुत गरिसकेका छौँ । ती दुवै अङ्कमा विभिन्न कारणवश स्थान पाउन सम्भव नभएका सर्जकहरूको सिर्जनालाई समेटेर यो तेस्रो अङ्क प्रकाशित गरेका छौँ । यसले नेपाल र भारत दुवैतिरका नेपाली भाषा र साहित्यलाई एकअर्कासँग जोड्ने छ भन्ने विश्वास लिएका छौँ । हाम्रो यो सानो प्रयासले दुवैतिरका सर्जकको सम्बन्धसेतुका रूपमा काम गर्न सके हामीले हाम्रो प्रयासलाई सफलीभूत भएको मान्न सक्ने छौँ ।

यस अंकको प्रकाशनमा पनि साहित्यकार दीपक सुवेदीको महत्त्वपूर्ण भूमिका रहेको विषयलाई यहाँ उल्लेख नगरी रहन सकिन्न । उहाँको अथक् प्रयासबाट नै योलगायत यसअघिका दुई अङ्कको प्रकाशन सम्भव भएको हो । उहाँलाई पुनः एकपटक हृदयतः धन्यवाद प्रकट गर्दछौँ । सीमाले हामीलाई दुईतिर बाँडेको भए पनि वास्तवमा इतिहास, संस्कृति, भाषा, साहित्य र भावनामा एकअर्काबाट टाढा रहेनछौँ भन्ने तथ्य यहाँ प्रकाशित सिर्जनाहरूले प्रकट गरेका छन् । मानवीय संवेदना जहाँ पनि उस्तै हुँदारहेछन् । यहीँ सार्वभौम सत्य यहाँ समेटिएका सिर्जनाहरूमा प्रकट भएका छन् ।

**– प्रधान सम्पादक**

कविता

# दशगजापारि

**शरदकुमार छेत्री**
(कालेबुङ, दार्जिलिङ, भारत)

सूर्योदयको प्रहर टाइगर हिलबाट
सुदूर उत्तरपश्चिममा देखिने रक्ताम्य सागरमाथालाई
ब्रह्मपुत्रको जलले आचमन गरी
टिस्टा रङ्गितको पानी पितृ सम्झी तर्पण दिने
हामी त्यही दशगजापारिका बासिन्दा हौँ ।

रोटी र बेटीको नाताको नाराले
एकआपसको सम्बन्ध धमिल्याउने होइन
भाषा, साहित्य अनि सङ्गीतको लयमा
हाडको सम्बन्ध अझ कसिलो बनाउने सोच लिएर
दशगजापारिबाट शुभकामनाको भारी बिसाउन
आएका छौँ ए हजुर !

हजुर हामी त्यही दशगजापारिका रचनाहरू
कोसेलीस्वरूप कुम्लाएर आएका छौँ
जहाँ दशगजा त के हजारौँहजार गजका
सिमाना साधे पनि हाम्रो सम्बन्धमा एक सुतको
दूरत्व कायम गर्न अशक्त बन्छ ।

धरणीधरले नैवेद्य अर्पण गरेका देवालय
तिलविक्रमलाई वैरागत्व प्रदान गर्ने भूमि
तेस्रो नेत्र खोलिएर ईश्वरको,
साहित्यमा तेस्रो आयामको शंखनाद गर्ने धरती
दशगजापारिको त्यही पवित्र धरतीबाट
प्रसाद बाँड्न आएका छौँ ।

गोपालको बाँसुरीले धुन प्राप्त गरेका
अम्बरका अमर रचनाले गुन्जिएका
लैनिसिंहका कुचीद्वारा रचिएका सुन्दर भूमि
त्यही दशगजापारिका धुन, लय अनि क्यान्भास
बोकी आएका छौ ।

नितीनियम फरक भो त के भो
नातामा केही फरक परेको छैन
राष्ट्रगीतका धुन फरक भो त के भो
फरक छैन त हाम्रो लैबरी भाका
एकै सुरमा भाषा र साहित्य विकासको
गीत गाउन भनी आएका छौँ
आएका हौँ त्यही दशगजापारिबाट ।

(sukraj.diyali@gmail.com)

कविता

# पाठशाला

**छत्रमान सुब्बा**
**(तेजपुर, आसाम, भारत)**

मुक्त शब्दका ओठहरूले
भाषाका गाला चुमे भने
भावनाका हातहरूले सधैँ
असिमलाई छुने गर्छन्
रात नाघेर झुल्के घामको
उदाउँदो मुस्कानको इसारा बोकेर
चिन्तन गर्दै जानुपर्छ लहरै आकाशपारि
जून हाँसेको अर्को आकाश भेट्न
स्वतन्त्र हुन देऊ तिम्रो विवेकलाई
बन्धनबाट खुस्केपछि हेर न तिमी
कति रमाउँदै खेल्ने छन्
पर परसम्म नयाँ दिगन्तमा
अर्को बिहान बिउँझने गरी चेतनाका सङ्गीहरू ।
तिम्रा मितेरी औंलीहरू सृजना खोलामा नुहाउँदा
सतहभरि उम्रने छन् परिवर्तनका बगैँचाहरू
अब हामीले पढ्ने पाठशाला
साइबर स्पेसमा देखिँदै जान्छन्
डिजिटलका अनुहारभरि लेखिँदै जान्छन्
आउँदो दिनमा हामीले
यसैको पन्ना छिचोल्दै जानुपर्ने छ
हाम्रो सुन्दर भविष्यका बिरूवा त्यहीँ रोपेर
अज्ञानताका सार्वभौमलाई यहीँ छोपेर ।

# आज भात पाक्दैन छोरा !



भोला 'विद्रोही'
(राभङ्ल, दक्षिण सिक्किम, भारत)

ए बाबु !
सुन न !
तिमी बुझ्दैनौ था'छ
तर बुझेको अभिनय गर
जसरी अभिनय गर्छन्
हाम्रो दुःख देखेर
गोहीको आँसु झार्ने यी नेताहरूले
हज्जारको सहयोग गरेर करोडको
देखावटी गर्ने यी समाजसेवीहरूले
हामीलाई पनि अभिनय गर्न आउनुपर्छ छोरा !
म हाँसेको अभिनय गर्छु
तिमी मुस्कुराएको अभिनय गर
म खुसी भएको अभिनय गरौँला
आँसु नझारौँला
आऊ बस !
म भात पस्किएको अभिनय गर्छु
तिमी भात खाएको अभिनय गर
छक्क परोस् यो पेट र
कर लागोस् भोक हराएको अभिनय गर्न
साँच्चै आज भात पाक्दैन छोरा !

पाकोस् पनि कसरी ?

लकडाउन छ काममा
लकडाउन छ गोजीमा
लकडाउन छ गरिबको आशामा र भरोसामा
सदियौँदेखि लकडाउन नै चलिरहेको छ
गरिबका लागि
न्यायालयमा र कानुनमा
गरिबका लागि
मानवअधिकारमा

लकडाउन छ छोरा !
हाम्रो अवस्था देख्ने बेलामा
नेताहरूको आँखामा
लकडाउन छ
कालोबजारी गर्नेहरूलाई
देख्ने बेलामा पुलिसका आँखामा
त्यसैले छोरा !
हिजैदेखि हाम्रो चुलोमा पनि लकडाउन छ
बुझ छोरा !
आऊ बस !
म भात पस्किएको अभिनय गर्छु
तिमी भात खाएको अभिनय गर
छक्क परोस् यो पेट र
कर लागोस् भोक हराएको अभिनय गर्न
साँच्चै
आज भात पाक्दैन छोरा !

हामीलाई महामारीले मार्न सक्दैन
यदि बाँच्यौँ भने भोकमरीबाट
पर्ख छोरा !
सरकार राहतको भाषण लिएर आउने छ
समाजसेवीहरू
क्यामेरा लिएर आउने छन्
देखाउनु हुन्न यी विषादका आँसु
उनीहरूले देख्नु हुन्न हाम्रो दुःख
म हाँसेको अभिनय गर्छु,
तिमी मुस्कुराएको अभिनय गर !
पेटमा पटुका कसौँला
म भात पस्किएको अभिनय गर्छु
तिमी भात खाएको अभिनय गर
छक्क परोस् यो पेट र
कर लागोस् भोक हराएको अभिनय गर्न
साँच्चै
आज भात पाक्दैन छोरा !

(bholaadhikari7@gmail.com)

कविता

# म समलिङ्गी हुँ, मेरो अस्तित्व खारेज नगर्नू



अर्जुन पीयूष
(सिक्किम, भारत)

ममा पनि आवाजका झरना थिए
ममा पनि तालका सुरहरू थिए
ममा पनि नृत्यका तरङ्गहरू थिए ।

ऊ !
मेरा निम्ति कुनै सम्मान थिएन
बाफ रे !
मेरा निम्ति कुनै ठाउँ थिएन
किनभने ममा मान्छेले खोजेको
एउटा सग्लो निश्चित लिङ्ग थिएन ।

मान्छेले आफूलाई भुलेर प्रश्न गरिरहन्थ्यो
यो पुरुष हो कि नारी ?
कि यो पृथ्वीलाई भारी ?

नारी र पुरुषको विभाजन रेखा कोरेर
न्यायको तराजु कोल्टे पार्नेहरूले बुझ्नू
म त्यो न्यायको तराजु हुँ
जो बराबरमा उभिन्छ ।

म पनि तिमीजस्तै मान्छे हुँ
मभित्र पनि तिम्रो जस्तै मन छ
यो मनको तरङ्ग
शरीर हिँडाउने विन्दास यी पयरहरू
कुनै पनि समय
मन्दिर मस्जिद गिर्जा जहीँ जान सक्छन् ।

आफूलाई मान्छेको जातमा उभ्याउनेहरू
तिमीहरूभन्दा म धेरै निरपेक्ष छु
म कुनै पुरुषनारी छुट्याउँदिनँ ।
नारीहरूले मलाई छुँदैनन्

पुरुषहरू मनजिक आउँदैनन्
तपाईंलाई थाहा हुनुपर्ने
उनीहरूमा कोही पनि
बाउआमाको
एक्लो सग्लो रूपमा आउन सक्दैनन्
तर मेरो महानता हेर
म आमाबाउको एउटै स्वरूप बन्न सक्छु
जीव वैज्ञानिकताले मात्र बाउआमा होइन्छ र !

यी कुरा कुन ग्रन्थमा लेखिएको छ !
म कुनै निश्चित लिङ्गको होइन भन्दैमा
मन छैन, मेरो मुटु दुख्दैन ?
आगोलाई नछुनू
पानीसँग जोरी नखोज्नू
हावामा पिङ खेल्छु नभन्नू
पहाडसँग ठोक्किन नखोज्नू
तरङ्ग सबैमा हुन्छ है
ममा पनि ज्वालामुखी पड्किन सक्छ है
त्यो दिन, त्यो समय
तिम्रो लिङ्गको परिभाषा
काम लाग्नेवाला छैन ।

विगत आगतलाई हेर
कसैले मानवताको युद्ध हारेको छैन
म पनि त्यो कालखण्ड हुँ
जो धेरै युद्धहरूमा परास्त छैन
मान्छेलाई मान्छेको रूपमा जोडेको छ
तिमीले देखेको सपनालाई मलजल गरेको छ ।

तसर्थ,
यो पृथ्वी तिम्रो मात्र हो नठान्नू
आकाश हावा केवल तिम्रो किपट हो नसोच्नू
तिमी यदि सम्मान पाउने आशा राख्छौ भने
मजस्ताको सम्मान गर्न पनि समयमै जान्नू ।

(piyus.arjun8@gmail.com)

कविता

# प्रसव पीडाले समाएको रात



मञ्जिल थाम्देन
(सिंगला चियाबारी, दार्जिलिङ, भारत)

हो,
मलाई यति थाहा छ
त्यो रक्तिम साँझ थियो
दिनको बिदाइमा
मुस्कुराइरहेको रात समीपमा थियो
अनि म
गह्रौ शरीर पारेर हेरिरहेथेँ
एकतमास,
डेरा फर्किरहेका एक हुल ढुकुरहरू
अनि कल्पिरहेथेँ
काउकुतीसरि एउटा नयाँ अध्याय
बुनिरहेथेँ सपना आमाको
तल्लो पेट सुमसुम्याउँदै ।

थोरै दुःखाइले सपनाहरू
बेला बेला खण्डित पार्थ्यो
तर
त्यो दुःखाइको पनि छुट्टै माया थियो ।

म बिस्तारै लोलाउँदै थिएँ
प्रसवले दस्तक दिँदै थियो
साँझ अब रातमा अस्ताएको थियो
सपनाहरूको कुण्ठालाई
लात्तीले हानेँ कि जस्तो
पीडाले कता कता टोकिरहेको थियो
मैले कल्पेँ
त्यो रात अन्तिम थियो
जीवनको अर्को अध्याय
वा
यही खण्डको अन्त,

मनको कोठामा आशाको दियो
अनि
त्रासको घण्टी
सँगसँगै बलिरहेथ्यो
र
बजिरहेथ्यो
म विवश असह्य बनी
चिच्याइरहेको थिएँ ।

उन्मुक्तिको चाहनामा
ओछ्याएका मेरा तन्ना
सकेसम्म बटारिरहेका थिएँ
अनि
प्रसव पीडा बेमौसम बतासजस्तै
कहिले तीव्र गतिमा
कहिले सुस्त चालमा
मेरो शरीरलाई कम्पन दिइरह्यो
भुइँचालो गए सरह
हल्लाइरह्यो ... !

चेतना
पसिनाको धाराले भरिन्थ्यो
वरिपरिका सुसारेहरू
घरी घरी यमलोकका दूतहरूझैँ लाग्थ्यो
डरले हो सायद
वा पीडाको वेगले,
घरी घरी म
चेतनाको ढोका थुनेर चिच्याउँथेँ
जब
प्रसवको घारीभित्र
म आफैलाई लाचार पाउँथेँ ।

पीडाले छाती चिरेर
मस्तिष्कलाई घोच्थ्यो
कल्पेर सजाएका सपनाहरूलाई

कुल्ची मुल्ची पार्थ्यो
अनि अचेतन पार्थ्यो
जिउँदो लाससरह
आँखाहरू पल्टिएर सेताम्मे बन्थ्यो,
साँच्चै त्यो पीडा
जीवनको एउटा खड्गो थियो
मृत्युलाई जिस्काएको रात थियो ।

पीडा नै पीडाबाट सुरु भएको यात्रा
एउटा पीडाकै रातमा टुङ्गिएको थियो
जहाँ मृत्युले हार मानेको थियो
त्यो प्रसव पीडाको एउटा भयानक रात थियो
जीवनको भूत वर्तमानको प्रत्येक कोठाहरूमा
दोहरिएर पुगेको रात थियो
जहाँ
चेतना, सपना, रहर, इच्छाहरू
मुछिएर युद्ध लडिरहेका थिए
पीडाको पल्टनसँग
अनि
व्यस्त थिए आत्मा र मुटुहरू
नयाँ सृजनाको बाटोमा
मलाई पनि फर्काउने साँघु बनाउँदै ।

सम्झनामा अझै पनि
त्यो रात भुल्न सकिनँ
तर
त्यो रातलाई दोस्याउन पनि सकिनँ
न त पीडालाई औंल्याउन
किनकि
त्यस रातले मलाई दुई बनायो
त्यो पीडाले
मलाई संसारको खुसी दिएर गयो
साँच्चै त्यो रात
प्रसवको पीडाले समाएको रात थियो
जीवनको नयाँ अध्याय थमाएको रात थियो ।

(manjilsubba1415@gmail.com)

कविता

# ध्वनि

खडकराज गिरी
(सिलगढी, भारत)

चिच्याउन थाले
पृथ्वीकाहरू
भरियो ब्रह्माण्ड नै
ध्वनिले
सेखीको ध्वनि
आह ! को ध्वनि
पीडाको ध्वनि
अन्ततः ध्वनि विष्फोटको
पर्यावरण यस कारणले मात्रै
रन्केको होइन
कि रूख काटिए
जीवजन्तु मरे
नदीनाला सुके
प्रदूषण भरियो
चारैतिर
यो ध्वनि जुन हो
बेस्सरी खाकदिएको छ ब्रह्माण्डभित्र
त्यसले रन्काएको हो पृथिवीलाई ।
हिँड निरीह त्यस रूखलाई भनूँ
सुक्खाको अवस्थालाई भनूँ
लुकामारी गरिरहेका ती
नदीनालालाई भनूँ
कि
भुङ्ग्रो पारिदेऊ ती ध्वनिहरूलाई
कि
पृथिवी जिउन सकोस्
र
जिउन सकुन्
रहेपहेका जीवहरू निढुक्कले ।

(girii1953@gmail.com)

# गोर्खे

मिलन माझी
(डुबर्स, कालचिनी, भारत)

बाह्र महिना परिश्रम गरेपश्चात्
जब उसले कसम खान्छ
आँखाबाट हुँदै
गालाबाट झर्छ उसको आँसु अनायासै
किनकि ? ऊ अब परिवारको मात्र नभएर
देशको निम्ति समर्पित हुन्छ
तिरङ्गा उसको सान
भारत माता उसको आमा
ड्युटी उसको बाबा र
खोला, नाला, पहाड, जङ्गल, सिमाना
उसको परिवार बन्छ र बन्छ
प्रिय मित्र बन्दुक र खुकुरी
जब सीमामा उसले पाइला टेक्छ
हिउँले ढकमक्क ढाकेको पहाड र
चिसो बताससँग उसको सामना हुन्छ
तब आमाको काखको न्यानोपन
उसलाई झलझली आउँछ
अनुशासन भङ्ग गर्दा
जब सिनियरले कराएर सजाइदिन्छन्
तब बाबाले त्यसै कराएको होइन रहेछ भनेर
आँखाबाट आँसु चुन्छ
करोडौँ आमा, बाबा र चेलीहरूको आशीर्वाद
ऊसँग भए तापनि दसैँ र भाइटीकामा
उसको निधार खाली हुन्छ
र खाली हुन्छ राखीमा
उसको हाथ हजारौँ आँसुहरू पिएर
सम्झनाको पोको हृदयभित्र सिएर
ऊ लड्छ देशको निम्ति
वीर गोर्खे भएर ।
वीर गोर्खे भएर ।

कविता

# म त मलामी हिँडिरहेछु

वैद्यनाथ उपाध्याय



म त
आफ्नै
इच्छाआकाङ्क्षाहरूको
मलामी हिँडिरहेछु ।

यो
अपशकुन समयमा
सामर्थ्यको साँगुरो गल्लीभित्र
आत्महत्या गरिरहेका हुन्छन्
अनगिन्ती अभिलाषाहरू !

जलिरहेकै छन् चितासरि
विवशताको कात्रोमा लपेटिएका
मेरा चाहनाहरू ।

धेरै सपना थिए
कुनै दिन
इन्द्रेणी सजाउने
आकाशभरि
जीवनको खुला फाँटभरि
नियतिको कोपदृष्टि परेको ।

यस घडीमा
भताभुङ्ग मेरो गाउँबस्ती
छरछिमेक सबैसँग
एकसाथ
म त
आफ्नै
इच्छाआकाङ्क्षाहरूको
मलामी हिँडिरहेछु ।

(baidyanathupadhyaya06@gmail.com)

कविता

# याद



रोशन दियाली
(काङ्ग्लातोम्बी, मणिपुर, भारत)

हात हल्लाएर भनेर
जान्छु भन्छे याद
आँखाबाट अविरल आँसु झारेर
भेट कहिले हुने हो
कसिलो अँगालो मारेर
याद गर्ने छु म
मायाको पोको पारेर
बिर्सिंदैन मेरो घरका
भित्ताले उसलाई
जबसम्म मेरो
मुटुमा उसले लिपेको
भुइँको बास्ना
मेरो छातीले
सुँघिरहने छ ।
कसरी मेट्छ ऊ हे ! समय
उसका मिठा यादहरूलाई
कुच्चाले बढारेर सक्छौं र ?
गोबरले लिपेर र जित्छौं र ?
उसको याद त मेरो
मुटुले देख्छ
मेरा आँखाले बोल्छ
मेरो नसा नसामा
रगतको खोला बनी
मेरो मुटुमा कुद्छ ।
श्वासको फेराइले
पल पल उसलाई रोज्छ ।
अब भन हे ! समीर
कसरी उडाउँछौं उसको
याद यो मनबाट
समातिल्याउँछु

बेलुनभरि भरि
उनीसँग तिमीलाई पनि कैदी बनाउँछु
उडाएर अन्तै
लग्यौ भने तिम्ले
छोएको स्पर्शलाई नि
बन्दी बनाउँछु ।
अब भन हे ! झरी
जगाउन सक्छौ र ?
उसले छरेको यादका
बिरूवा मेरो बारीमा
कुट्न सक्छौँ र ?
लच्छ्रप्प हुने गरी
मेरा यादहरूलाई
होइन ! भुल मेरो
तिमीले त बहाइलाने रहेछौ मेरो
मिठो सम्झनालाई
सुम्पिने रहेछौ सागरलाई
नुनिलो बनाउने रहेछौ
ज्वारभाटाले चोट दिने रहेछौ
तर उनको मिठो यादलाई
म बादलमा पर्खिने छु
उनको याद बोकी
उडेको बादललाई
बिजुली बनी सुमसुम्याउने छु
गाग्रामा थापेर यादलाई
यादको तिर्खा मेटाउने छु
यसरी तिम्रो यादले
जहिले नुहाउने छु
नुहाएर सजिएर
यादले नै शृङ्गार गर्ने छु
यादको लामो टीका लाएर
मेरो मुटुमा सुझाउने छु
यसरी कहिल्यै आएन भने याद
यादमा जलेर
याद भई मर्ने छु ।

(diyaliroshan1989@gmail.com)

कविता

# बिनामौसम बज्र



सीतादेवी छेत्री
(बी.पी.ओ. काङ्लातोङ्बी, पी.ओ. सेकमाई,
पश्चिम इम्फाल, मणिपुर ७९१३६, भारत)

न कोही धुन छ
न ताल र सङ्गीत
बिनासुरको फुर्क्याइमा
वचनको भरमा मात्र
नाचेका छौँ हामी
पिँढीबाट नाची आएको कति
साँघुरिएर बस्नुपर्ने माझ
न समाउने लहरा छ
झुन्डिएछौँ उँधो न उँभो बनी
जोसमाथिको जोसले होस हराएर
मातृभूमिको रक्षा गर्दै
सिमानामा तैनाथ भई
बने सहिद कति
मुखको फुर्क्याइ कति गरी
मर्न नडराउने को ?
वीर जाति गोर्खे सन्तानहरू
तिरङ्गा ओढाएर ल्याइयो कति
केवल सहिद हुनु मात्र हामी
जति जति बलिदान दियौँ
प्रवासी होड उति उति
बिनामौसमको बज्र पर्छ प्रवासीमा
प्रश्नमाथि प्रश्न राज्य राज्यमा
भूमिपुत्र र मातृभूमिबिच
जाति स्वाभिमानको
अपमान भइरहेछ दिनहुँ
हाम्रो अपुरो बुझिदिएनन् कतै
कहिले समवेदना झल्किँदैन
हाम्रो हक चिनारीमा
केको बाध्यता छ यस्तो ?

(sitachhetri040@gmail.com)

कविता

# श्मशान



हर्कबहादुर लागादे (रोहित)
(चारहजारे, मणिपुर, भारत)

आउँदा के लिएर आउँछौ ?
घुर्दा के लिएर जान्छौ ?
आउनेजाने बाटोमा,
बुझ त केकति पाउँछौ ? ॥१॥

यही दुई पङ्क्तिको जापमा
चरम सुख पाउने नापमा
जीवन काट्छन् यहाँ सबैले
सत्यपथ अनि जघन्य पापमा ॥२॥

मरणको सत्य ज्ञान जानेर पनि
सबै अनित्य हो भन्ने मानेर पनि
दिनरात, सधैँ गरिरहने,
गलत हो भन्ने जानेर पनि ॥३॥

यो व्यस्तताले रङ्गिएको होडमा
व्यस्त भइरहन्छ धनको जोडमा
जति सम्बन्ध मधुर भए पनि
रगत बगाउँछन् हरेक मोडमा ॥४॥

यो स्वप्रेममा कति बल नि ?
जतात्यतै कति छल नि ?
जति नै साइनो कसिलो भए पनि
पाइरहने तिरस्कारको फल नि ? ॥५॥

यहाँ कमाउने कमाएको छ
अपराधको डोरी समाएको छ
ढोङको प्रेम च्यादर उढेर पनि
कपटको घुँट मज्जाले लगाएको छ ॥६॥

तभन्दा म वीर छु
जित्नलाई सबै सीमा चिर्छु

भन्ने भावना उम्लिन्छ यहाँ
थाहा छैन कसैलाई,
यो पापको बोझ कसरी तिर्छु ? ।।७।।

छ, सबैभन्दा मानिस बुद्धिमानी
हरेक क्षेत्रमा अग्रणी अनि ज्ञानी
उँचो उँचो महल बसाएर होला,
मानवतालाई मारेको छ छानी छानी ।।८।।

न भय छ न डर छ
न घर्म न स्वभिमानको कर छ
सर्वशक्तिमान हुने गतिमा
एक दिन ऊ पनि त मर्छ ।।९।।

सास हुँदा हो सबैसँग माया लाग्ने
गएपछि को हुन्छ ऊसँग पछि भाग्ने ?
दुई थोपा आँसु झार्दै पछि
यही दौडमा हो ऊ पनि लाग्ने ।।१०।।

संसार झ्याउने आँख बन्द हुन्छ
यो चिसो कानले अब के नै सुन्छ ?
उँभो फर्केको हातले अब,
छाडेर जाने धन कसरी पो दुन्छ ? ।।११।।

क्षणभर आँसुसँग चार काँध पाउँछ
तेह्र दिनपछि सबैमा फेरि खुसी छाउँछ
जीवनभर घमन्डमा बसेपछि,
मरणपछि कसले पो तेरो गीत गाउँछ ? ।।१२।।

चार काँध पाई जाने हो घाटोमा
सबै मिलिन हुन्छन् यही माटोमा
खरानी भएपछि कसले पो हेर्ला ?
कृत्यहरू तेरो जीवनको बाटोमा ।।१३।।

प्रभुत्व आर्जन निम्ति दिमाग चल्छ
यही खोपडी चितामा धुँधुँ गर्दै जल्छ
अब भन् छाती ठोकेर मानिस,
त्यो बेला पनि के तेरो पावर चल्छ ? ।।१४।।

थरी थरीका वस्त्रहरू जीवनभर धारण गर्छ
अरूलाई जित्न सधैँ असाधारण गर्छ
तितो कुरा बुझे हुन्छ सबैले,
नाङ्गो जिउ दागबत्तीले मात्र धारण गर्छ ।।१५।।

गन्तव्य बुझेर पनि किन अभिमान हो ?
सर्वशक्ति भनी किन मिथ्याभिमान हो ?
पल पल दिमाखमा, मनमा याद राख्नू
मृतपश्चात् सबैले जाने त श्मशान हो ।।१६।।

(rohitsuryafnd@gmail.com)

कविता

# चन्द्रमा



प्रेम नेउपाने
(राउते रुम्तेक, सिक्किम, भारत)

सूर्यको किरण पैँचो मागेर
सजिएकी छे ऊ
ओढेर चमकदार ताराहरूको घुम्टो
बनिएकी छे बेहुली
अनि आफ्नै रूपमा लजाएर
सुटुक्क भित्र लुक्छे ऊ
तानेर बादलका पर्दाहरू ।

नदी
अविरल गीत गुनगुनाउँदै
अनन्तको यात्रामा छे ऊ युगौँदेखि
खोल्साखाल्सी हुँदै हुँदै
पहाडका कन्दरादेखि
समतलका टारसम्म
झक्झकाउँदै ट्वाल्ल परिरहेका
स्थिर दुवै किनारालाई ।

(premneopaney222@gmail.com)

कविता

# *किन छोडछौ मणिपुर*

साजन घिमिरे

किन भाग्छौ आफ्नु जन्मस्थललाई छोडेर
किन जान्छौ आफन्तहरूसँग नाता तोडेर
येही मणिपुर त हो जहाँ आनन्दसँग सास फेर्न पाइन्छ
येही त यस्तो ठाउँ हो
जहाँ सुख र समृद्धिमा जीवन बिताइन्छ ।

कसरी भुल्न सकेका मान्छेहरूले यो ठाउँको बसोबासो
कसरी घुलमिलनसकेका बिर्सेर यहाँको हाँसो
येही मणिपुर त हो जहाँ भेलपैह्रोको डर हुँदैन
येही त यस्तो ठाउँ हो
जहाँ आँधी तुफान आदिले छुँदैन ।

कस्तो कठोर मन आफ्नु बाल्यकालका सपनाहरूलाई तोड्ने
कति निर्दयी त्यो मान्छे
जसले आफ्ना पुर्खाहरूले किनेका जमिनलाई छोड्ने
येही मणिपुर त हो
जहाँ निरञ्जन सिंहजस्ता वीर योद्धा सहिद भये
येही त यस्तो ठाउँ हो
जहाँ लाखौँ सहिदको खुन र पसिना माटोमा गए ।

किन बिर्सेका त्यो चिसो हावा आउने साँझ
किन परदेशतर्फ जान्छन् लुकी लुकी आज
येही मणिपुर त हो
जहाँबाट तिमीले पैसा चिनेऊ
येही त येस्तो ठाउँ हो
जहाँ बाल्यकालदेखि तिमी हिँडेऊ ।

केको कमी थियो र यो सुन्दर ठाउँलाई छोडेऊ
केको डर थियो र साथी, आफन्त र आफ्नु परिवारसँग नाता तोडेऊ
येही मणिपुर त हो
जसको सुन्दर्ता हेर्न विदेशीहरू आउँछन्
येही त येस्तो ठाउँ हो
जहाँ चराचुरूङ्गीहरूले मिठो गीत गाउँछन् ।

(saajanghimire1@gmail.com)

कविता

# मेरी आमा



सुवास दाहाल

जीवनका कल्पनाको आधार तिमी
ममताकी अनि मायाकी खानी तिमी ।
संसारकै सुन्दर, सृष्टिझैं उज्ज्वल
हर समय साथ दिने साथी तिमी ॥

कपासझैं कोमल त्यो मन
हिउँझैं चोखो त्यो मन
साथ दियौ आमा तिमीले पल पल
शत्रुसँग लड्न सिकाउने
उज्ज्वल भविष्य बनाउन सिकाउने
छुटाउँछु कि
कतै बाबा तिम्रो नि नाम यहाँ ।

मेरो सारा दुःख लि,
खुसी दियौ सबै भुली ।
माया र ममता सधैं तिमीलाई
कोटी कोटी प्रणाम तिमीलाई ।
ध्यान राख्ने छु म तिम्रो
इज्जत, इर्षा र ममताको ॥

भुल भए माफ देऊ,
त्यही बाल नानी सम्झी ।
ठुलो भएँ होला अरूको नजरमा
बाल नानी नै छु म तिम्रो शरणमा ॥

(sbshdhl@gmail.com)

**सर्जकहरुमा विशेष अनुरोध**

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा प्रकाशनका लागि नदिइएका र प्रकाशित नभएका प्रकाशन योग्य रचना सम्पादनको अधिकारसहित 'शब्दाङ्कुर'मा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

# एउटा नपत्याउने सत्य

रण काफ्ले

भित्र्याउनु भनेको लरतरो कुरा होइन
चाहे टिपेर एक थुँगा
सयपत्री देउतालाई
चढाउन देउता कोठामा
या त होस् गृहलक्ष्मी घर
त्यसमा सलक्क डाल
प्रकाशमान अनुहार
दिव्य मुस्कान ओठमा
थपक्क टेक्ने पाइलाहरू
कुर्कुच्चा पुगेको केस
मृदु वाणी, उच्च आकाङ्क्षा
शुद्ध संस्कार सुविचार
पाउनु भनेको साँचै नै
लरतरो त हुँदै होइन ।
सुनारेले चिन्ने गर्छ सुन
कविराजले औषधी गुन
जोहारले हिरा चिन्छ
आफ्नो मान्छेले आफन्तै
नचिनेपछि ऐलाएर जाने
रूप, रङ, यौवन, छालाहरू
समयको गतिसँगै ट्वाकट्वाक टोक्ने
प्रवृत्तिले सकिँदैन बुझ्न
एउटा नपत्याउने सत्य ।
दुध दिने गायको
हजार लात्तीहरू सहने
सन्तान दिने माईको
वचन तिखो हुन्छ भन्ने
मानसिकताले साँचै
सुन्दर मन सुन्दर जन
चिन्न गाह्रो हुन्छ पक्का
एउटा नपत्याउने सत्य ।

(ranakafle@gmail.com)

कविता

# मेरो अवस्था



ओमनाथ नेपाल
(काशी हिन्दु विश्वविद्यालय, वाराणसी, भारत)

उड्दाउड्दै हत्केलामा चेप्टिएको
दुईचार खुट्टा भाँचिएको
टाउको फुट्ने गरी रन्किएको
हतास श्वास फेर्न नपाई नपाइएको त्रास ।

टुङ्गो छैन बासगाँसको
के नै हुन्थ्यो घर यस्तो लासको
खोजी हिँड्छ घोर अन्धकारमा
प्यासी भई दिनरातको ।।

कोही काला वर्गका कोही गोरा
स्वाद चाख्दा रहेछन् एकै प्रकारका
कोही छन् गरम रगतका
कोही छन् गर्मीमा सेलाएका ।

नभएको होइन नाता गोत्रको
लामो ताँती छ नाताकुटुम्बको
शरीर सानो तर बुद्धि कस्तो
प्रयास उनको माकुरो जस्तो ।।

ठुलो अति ठुलो अजिङ्गरको
कानमा गायो गीत अति मधुरो
मिठो लाग्छ लाग्दैन कुन्नि
ताली बजायो अति पिर लाग्दो ।।

(mail2om93@gmail.com)

शब्दाङ्कुरमा प्रकाशनार्थ सिर्जना पठाउन
sabdankur@gmail.com / sabdankur58@yahoo.com
प्रयोग गर्नु हुन हार्दिक अनुरोध गर्दछौँ ।
सम्पादक मण्डल

कविता

# अनभिज्ञता

जय क्याक्टस
(रोङ्गो, कालेबुङ, भारत)

त्यति बेला तिमीसित अरू केही थिएन
तर पनि तिमीसित सारा संसार थियो
किनभने तिमीसित ओठभरि
निश्छल मुस्कानको पोखरी थियो ।

तिम्रो चित्कारमा
लोभलालचको कुनै आग्रह थिएन
तर पनि तिमीसित ब्रह्माण्डै थियो
किनभने तिम्रा रङहीन आँसुमा
कुनै पीडाका बछिटाहरू थिएनन् ।

बिस्तारै तिमीले
उमेरको खुड्किला उक्लन थालेपछि
तिमीमा कृत्रिमताका रङहरू पोतिन्दै गए
तिम्रा बोलीमा विषका छिटाहरू पर्दै गए
तिम्रा व्यवहारमा कटुताका काँडाहरू उम्रिन्दै गए
तिम्रा आचरणमा अदृश्य शङ्का पखेटा थपिन्दै गए ।

ज्ञानको निम्ति जब तिमी पाठशालाको सिँढी उक्लियौ
तिमीले आफू वरिपरि अभेद्य पर्खाल उभ्याउँदै गयौ ।

पाठशालामा सबैभन्दा पहिले भाषा सिक्यौ
भाषाको व्याकरण जान्यौ
र आफैलाई
निरर्थक नियमहरूको साङ्लाले बाँध्न थाल्यौ ।

त्यसपछि गणितको कक्षाबाट तिमीले
जिन्दगीमा पहिलोपल्ट जोड, घटाउ, गुणा र भाग सिक्यौ
अनि जिन्दगीभरलाई समस्या र समाधानको पाठ घोकिरह्यौ
अनि मृत्युको मुखमा पुगिन्जेलसम्म
नाफा नोक्सान मात्र गन्ने बन्यौ ।

फेरि भूगोलको कक्षाबाट तिमीले
सिमाना र पर्खालहरू जान्यौ
प्रकृतिसित रहेका अमूल्य खजानाहरू चिन्यौ
नदीनाला, वनजङ्गल र जीवजन्तुको महत्त्व बुझ्यौ
त्यसपछि तिमीले प्रकृतिलाई लुट्न र चिथोर्न थाल्यौ ।

विज्ञानको कक्षाबाट तिमीले
प्रामाणिक अधिक बन्दै
विश्वासहरूको गला रेट्न थाल्यौ
थुप्रै अरूको विश्वास मेट्न
हतियारहरूको आविष्कारमा मन दिन थाल्यौ
र एक दिन
आफैलाई भस्म गराउने
भयहरूको दलदल सिर्जना गर्‍यौ ।

कक्षामा इतिहास पढ्न थालेपछि
तिमीले
युद्धको कथाबाट हारजितको परिणाम बुझ्यौ
नहार्नकै निम्ति तिमीले फेरि
डाह, ईर्ष्या र स्वार्थको सेना तयार गर्‍यौ
अनि लडिरह्यौ युद्धहरू
कहिले आफैसित कहिले पराइसित ।

अरू पनि के के सिक्यौ सिक्यौ
वाणिज्य, अर्थशास्त्र राजनीतिशास्त्र, कोकशास्त्र ...
अनाम भोगशास्त्रहरू पनि ।

तर तिमीलाई किन थोरै सिकाइयो
मनोविज्ञान र मानवता विज्ञान ?
तर किन थोरै चिनाइयो
साहित्य अमृतको मुहान ?

म अनभिज्ञ छु ।

(jaya.gurung.69@gmail.com)

कविता

# वर्तमान मलाई लागेको मान्छे



प्रेमिका शर्मा
(रिनाक पूर्व, सिक्किम, भारत)

कोइलीको मिठो सुरिलो धुन
त्यसपछिको चतुऱ्याइँपन थाहा भएदेखि
हो साँच्चै डर लाग्छ ।
चिप्ला, मिठा, रसिला मोहनीरूपी शब्दहरू
ती झुटा आश्वासनहरू
अनि खोक्रा आडम्बरहरू किन हो
हिजोआज साँच्चै डर लाग्छ ।
देखावटी हातेमालो गर्न खोज्ने
ती कोमल हातहरू,
अनि अङ्कमालमा बेस्सरी काँपेका मुटु
त्रासले साँच्चै डराइरहेछ ।
भतभत पोलिरहेको हुन्छ
निस्सासिरहन्छ
छट्पटिरहन्छ यो मन
एकलास शून्यतामा ।
मान्छेमा मानवता हराउनु
सामानताको अड्कल नरहनु
आदर्श नदेख्नु
देखावटी माया अनि अहम् भावनामा
रमाउँदै बाँच्न खोज्नु
साँच्चै यहाँ मान्छे नै हो ?
समस्या गर्ने पनि यहाँ मान्छे
समाधान मिलाउन खोज्नेप नि यहाँ मान्छे
विवेकशील त पक्कै हो
तर अपरिचितलाई बेस्सरी भुक्ने
परिचितलाई सिधै झम्टिने
खिच्चा कुकुरजस्तो तर
ऊ पशु पटक्कै होइन
यसैले नै हो साच्चै डर लाग्छ ।
फगत मन बुझाउन मनको कोठेबारीभित्र
केलाइरहन्छ कसिङ्गर मनको एकान्तमा ।

मिठो गुलाफको फूलमा त म
हिजोआज सुगन्धित थाहा पाउँदिनँ किन ?
सायद ! फुङ्ग उडेको छ मिठो बासना फूलको ।
मिठास बोलीको चतुऱ्याइँ हिजोआज
चाहँदैन यो कठोर मन ।
सुरिलो आवाजको चतुऱ्याइँमा
शङ्का चियाउँछ यो मेरो भ्रमित मन ।
प्रलोभनमा लोभ्याउन खोज्दै
सिधासोझालाई कैद गराएर
बेस्सरी ताली पिट्दै
देखावटीमा आफू मस्त रमाउने
स्वार्थमा चुर्लुम्म डुबेको
हिजोआज के साँच्चै
यी मान्छे नै हुन् त ?

(premikavasistha@gmail.com)

कविता

# स्वतन्त्रता दिवसको उपलक्ष्यमा...

सतीस दियाली
(नागरी फार्म दार्जिलिङ, भारत)

जात जातमा नछुटौँ
धर्म धर्ममा नटुटौँ
एउटै सन्तान भारत माताको हामी
फरक जाति जातिमा नराखौँ !

संस्कार र संस्कृति भिन्नै
बोल्ने भाषा सबैको आफ्नै
जन्मेको यसै माटोमा हामी
हिंसा धर्म धर्ममा त्यागौँ !!

पहाड र समतल ठाउँ बेग्लै
रातो रगत सबैको एउटै
राष्ट्रिय त्रिरत्न भन्डाको सान हामी
भेदभाव मान्छे मान्छेमा छोडौँ !!!

(sukraj.diyali@gmail.com)

कविता

# आवश्यकता



वत्स वेदनिधि दाहाल
(रिनाक, पूर्व सिक्किम, भारत)

म धेरै टाढाबाट कठिन परिश्रम गर्दै
तिमीसम्म आइपुग्छु ठुलो सङ्घर्ष गर्दै,
तिम्रो रुग्ण हृदय र सुस्क घाँटीभित्र
पसेर मैले नै तिम्रो तिर्खा मेटाइदिन्छु ।

एक थोपा दुई थोपा गर्दै गर्दै
रसाउँदै धर्तीको छात्तीबाट उम्रिन्छु
पहाड, पर्वत र चट्टानबाट रसाउँदै
झर्ना, नाला अनि कुलोबाट बहँदै ।

तिम्रो अभाव र आवश्यकता पूरा गर्दै
कलकल बहँदै भूतलको रुग्णता मेटाउँदै
तिम्रा सबै अवयवहरू स्वतः भिजाउँदै
प्राणी मात्रको उद्धार गर्दै स्वच्छ निर्मल भई ।

आइपुग्छु म तिमीसम्म तिम्रा विषम परिस्थितिमा
आलापबिलापका रुग्णताहरू निर्मल बनाउँदै ।
सोच्ने गर तिमी पनि म जस्तै संवेदनशील बन्दै
गर न गर मेरो सुरक्षा प्राण सबैको बचाउँदै ।

मेरो समक्षमा तिमीले बोटबिरुवा पर्दछ रोप्नू
उभ्फाड नपार्नू उर्वरा भूमिमा घर नै बनाउनू ।
डाडिया, बगन बेली, चाप गुराँसका फूलहरू रोप्नू
वरपीपल र बेलपत्ता अनि बाह्रमासे फूल बरु रोप्नू ।

(himadriprinters@gmail.com)

**साहित्यिक पत्रपत्रिकाको अध्ययन गरौं**
**जीवन, समाज, विश्व र युगलाई नजिकबाट चिनौं ।**
- शब्दाङ्कुर परिवार

कविता

# घर

**सुभद्रा बम्जन**

पर्खिरहन्छ सधैँ ऊ मलाई
खोजिरहन्छ/सोधिरहन्छ
पल पल मैले भोग्दै आएको
इतिहास लेखिरहन्छ ।
मैले एकान्तमा रोएको
आँसुहरूको हिसाब कोरिरहन्छ ।
उसको मायालु स्पर्श र न्यानो संसर्गले
पग्लिँदै पग्लिँदै बिस्तारै मैनबत्ती सरह
सधैँलाई उसैको म भइसकेँ ।

कसैलाई भेटूँ नभेटूँ
तर उसलाई भेट्नु भनेको
मैले चौतारा बिसाउनु हो ।
ऊसित रमाउनु भनेको
आफ्नो दुःख भुलिनु हो ।
थकित भएको बेला निरास भएको बेला
कोलाहलबिच एकान्तमा
कुनै रमाइलो पलमा
कुनै उदास क्षणमा
मलाई उसको याद आउँछ ।
मेरो मुटुको छेउमा होइन ऊ
मेरै ढुकढकीमा वास गर्छ ।
कसैले गरुन् नगरुन्
ऊ मेरो आगमनको आश गर्छ ।

उसलाई जसलाई, मैले मेरो रगतले सिँचेको छु
अनि मेरो उमेरहरूले फुलाएको छु
उसैलाई म असाध्यै माया गर्छु ।
मेरो घर, जसले मेरा सप्पै सप्पै यादहरूलाई
खुबै जतन गरी सम्हालेर राखिदिएको छ
हो, म उसैलाई माया गर्छु ।
मेरो घर, म सधैँ तिमीलाई याद गर्छु ।

(subhasawali@gmail.com)

# कोरोना



एन.एल. कपिल 'रटन'
(अप्पर सिच्छे, गान्तोक, भारत)

यो कोलाहलमय वातावरणमा,
भयपूर्ण स्थितिहरूमा पनि
बाँचिरहेछन् जिन्दगीहरू
त्रसित, त्रसित भएर
बिनाटुङ्गोको जीवन बोकेर ।
आजकल हामी दिनैपिछे मर्छौं
अनि दिनैपिछे बाँच्छौं
यहाँ बचाइको न कुनै अर्थ छ,
न मूल्य नै !
भोलि कसले देख्न सक्छ र !
कि त डोलीमा कि त शोलामा ।
कोरोनाको सङ्क्रमणले
मानिसहरूको होसहवास उडिसकेको छ
न त राम्ररी खानु सक्छन् न त सुत्नै सक्छन्,
न त बाहिरफेर राम्ररी हिँडडुल गर्न सक्छन् ।
यसले मान्छे बिगार्ने दाउ हेरिरहेको हुन्छ,
थोडासा सावधानी हटी,
दुर्घटना घटी भने जस्तो हुन्छ ।
यसकारण यसको चाल विचारेर मात्रै
हामी चल्न पर्ने स्थिति आएको छ,
नत्र दसैँमा यो पोस्यो भने
यसले 'दशा' ल्याउँछ,
दिपावालीमा यो पोस्यो भने लङ्का जलाउँछ ।
दयामाया रत्तिभर नभएको
निरङ्कुश शासकजस्तो
जता मन पऱ्यो त्यतै जान्छ,
जे मनमा आयो त्यही गर्छ ।
हामी सबै मिलेर यसलाई
'भ्यागुरा खेदाइ' गर्दा हुने भा'त
कति असल हुने थियो ।

(himadriprinters@gmail.com)

# मेला



निलीमा आचार्य
(काउडी पथार, भारत)

व्यस्तताले भरिएको दिनचर्याबाट
फुर्सद भए
आऊ न साथी !
आज मेला जाऊँ
अलिकति विश्वास लिएर आऊँ
धेरै नै खाँचो भएको छ आज विश्वासको ।

मैले सुनेको छु
त्यहाँ एउटा मेला बस्छ रे
बर्सेनि बसे झैँ
यो साल पनि बसेको छ रे त्यो मेला
बढो अनौठो मेला !
जहाँ विश्वासको पसल लाग्छ रे
हिँड् न लिएर आऊँ !

तिमीले देखे जस्तो 'मिना बजार' होइन त्यो
न त कुनै सम्मेलनको आडमा बसेका
मान्छे तर्छिने गरी उग्र भाउ भएका
पसलहरूको मेला हो

नडराऊ तिमी !
तिमी मात्रै आऊ
तिम्रा ती 'डेविड कार्ड' र 'क्रेडिटकार्ड'
अथवा पैसाले भरिएको 'वालेट' नलिई आऊ ।

त्यहाँ एक पैसा पनि चाहिँदैन
माघ महिनामा असममा लाग्ने
'जुनबिल' मेलाजस्तै हो त्यो,
त्यहाँ चिजहरू किनबेच कहाँ हुन्छ र !
साटासाट हुन्छ ।

प्रेम र भक्ति
आदर र सम्मान
आस्था र भरोसा ।
सुनेको छु
आज त्यहाँ विश्वास साटासाट हुन्छ रे
विश्वास दिएर विश्वास लिन पाइन्छ रे !

आऊ न साथी चाँडो गरी
खाँचो टार्नु छ यहाँ
अविश्वासको अन्धकारमा डुबेको संसारलाई
विश्वासको दियोले उज्यालो पारौँ
आऊ न साथी मेला जाऊँ
अलिकति विश्वास लिएर आऊँ ।

(nilimaacharya189@gmail.com)

कविता

# सन्तुष्टि



बसन्ती पौडेल

चारहजारे मणिपुर
थाहा लाग्दैन मनको
सन्तुष्टि कहाँ बस्छ कुन्नि
मान्छेले धेरै कष्ट गरेपछि
कार्य सफलताको आनन्द अनुभव
नगर्दै हजार प्रश्नका लिस्ट
राखिदिंदो रहेछ
मनले मस्तिष्कका अगाडि ।

किन एस्तो भएन ?
किन उस्तो भएन ?
तेस्तो भएको भा' ?
असन्तुष्टिको छानो ओडेको
त्यो मनका घरको पुवालबाट
तपतप चुहुने घरमा
बस्तो रहेछ कि क्या हो त्यो मस्तिष्क ?

(basanti.poudel79@gmail.com)

कविता

# फूलबारी



**लक्षिमा उपाध्याय**
**(समारदलनि, विश्वनाथ, असम, भारत)**

आँगनमा सुन्दर फूलबारी
ढकमक्क फूल फुलाउने रहर ।
सयपत्री, मखमली, चमेली, गोदावरी, पारिजात
रोपी मलजल गोडमेल सकेपछि
फस्टाए मौलाए झाङ्गिए खुसीले रमाए ।

आँगन धेरै उज्यालो देखियो
फूलसँगै गफ गरेर सपना बुने
फूल चुम्दै हिँड्ने भमराहरू
विज्ञानको नयाँ आविष्कारले शिक्षित भएछन् ।

बाँसको तगारो नाघेर आउन
हिचकिचाउन थालेछन्
सप्तरङ्गीले सजिएको फलामको तगारो
नाघ्न खुसी हुँदा रहेछन्
ग्रिलस्तम्भभित्र सजिएका महँगा
कृत्रिम फूलका कोपिलामा भुलिएर
गोबरका फूल गन्हाउन थालेछन्
रासायनिक मलमा हुर्किएका कोपिलामा भुलिएर
गाउँघरका फूलको बास्ना भुल्न लागेछन्
पहेँला, काला र सेता पुतलीहरू मात्र
गोबरका फूलमा रमाइरहन्छन्
यत्रतत्र ।

आफू पनि तेसै रमाउँछु
तर सप्तरङ्गी पुतलीहरू
गल्ली चोकबाटै चियाउँछन्
गिल्ला गर्छन्, खिस्स्याउँछन्
बासको तगारो, अनपामरिको आँगन, गाउँले फूल ?
छस्स श्रवणमा पर्छ

एक्कासि मुटु चिसो हुन्छ
जिज्ञासा आफूलाई नै गर्छु ?
चारकुने आँगन
सप्तरङ्गी फलामको तगारो
अनि मात्रै फूलबारी ?
फेरि आफै जवाफ दिन्छु
दर्पी भमराहरू नाआए पनि
कोपिला फुलिरहेछन्
नक्कली रङ्गीचङ्गी पुतलीले नरङ्गिए पनि
सजेकै छ फूलबारी ।

झसङ्ग सपनाबाट बिउँझिए झैँ
झस्किन्छु टोलिन्छु
फेरि कस्सिन्छु
फूल फुलाउने रहर जारी नै राख्छु
फुलाई नै रहन्छु ।

(lakhima1234devi@gmail.com)

कविता

# यसपालिको हिउँदोमा ...

शरद सुब्बा
(नागरी फार्म, दार्जिलिङ, भारत)

पातहरू
झर्दै छन् ... झर्दै छन्
घरमुनिको डिलमा
रित्तै भइसके उत्तिसका रूखहरू
फुस्रै भइसके कटुसका रूखहरू
यस्तै हुँदोरहेछ सधैँ
केही गर्न नपाई
केही जोगाउनै नपाई
घोप्टो अनुहार लगाएर
सुटुक्कै
यो हिउँदोको महिना
प्रत्येक धरको खिर्की र दैलोबाट
छिरिहाल्दो रहेछ
आइहाल्दो रहेछ ...

यसपालिको हिउँदोमा
धेरै कुरो गर्नु थियो
छोराछोरीलाई न्यानो लुगा दिनु थियो
कति छटपटाइरहने ओछ्यानमा एकलै
बुडो बाबुलाई पनि
कम्बल एउटा किनिदिनु थियो
माइत जाने रहर
पुरानै हो स्वास्नीको
सिँगारिन त भनेकी छैन उसले
पुरानो मजेत्रो उसको, सिलाउनु थियो
यसपालिको हिउँदोलाई
धेरै कुरो जोड्नु थियो ...

धेरै सोचाइहरू यसपालि
खेरो गएको छ
सपनाहरू पनि सबै
बन्दकी परेको छ
गर्नपर्ने काम जति सबै
थाँती रहेको छ
एक वर्षको तपस्या मेरो, विफल भएको छ
यसपालिको हिउँदोलाई
धेरै कुरो गर्नु थियो ... ।

नसोचेको होइन मैले
नगरेको पनि त होइन
तर
सोच्दै जाँदा
सोचेपछि गर्दै जाँदा
कहाँ हुँदोरहेछ र सोचेको
कहाँ पुग्दो रहेछ र भनेको ...

यसपालिको हिउँदोलाई
धेरै कुरो गर्नु थियो ... ।

(saradsubba@gmail.com)

हास्यव्यङ्ग्य कविता

# उससँग फेरि भेट हुँदा



लोकनाथ उपाध्याय चापागाईं
(सिलगढी, भारत)

जुना थियो नाउँ उसको कुरा गर्न टाठी
बोलीचाली मिठो थियो, थिई औधी बाठी
पढ्न जाँदा कहिलेकाहीँ जिस्क्याउने गर्थी
परीक्षाका बेला पनि मेरै छेउमा पर्थी ।

थाहा नभई समयले चक्र चलाएछ
भित्रभित्रै उसको मेरो माया पलाएछ
मेरो केही काम पर्दा उही अघि सर्थी
मैलेभन्दा धेरै माया उसैले नै गर्थी ।

भन्थी सधैँ "म त बिहे तिमीसँगै गर्छु
मर्नु परे पनि पछि तिमीसँगै मर्छु
बाचुन्जेल सँगै हुन्छु मान सत्ते सत्ते"
यसरी ऊ मेरा लागि गर्थी मरीहत्ते ।

फेरि पनि समयको गाडा थामिएन
हामी माझ पलाएको माया छामिएन
थाहा नभई नियतिको पाङ्ग्रो हुत्तिएछ
पछि आफै उसको मेरो बाटो छुट्टिएछ ।

थाहा पाएँ 'कतै उसको बिहे भयो अरे !
यस्तो सुन्दा तरतरी आँसु मेरा झरे
संसारमा भने जस्तो केही पाइएन
जिन्दगीमा स्वयंवरको टीको लाइएन ।

धेरै वर्षपछि फेरि उसलाई मैले भेटेँ
मैले आँखा जुधाएरै आफ्नो धोको मेटेँ
कुराकानी गर्दै जाँदा उसैले नै सोधी
सोद्धासोध्दै गर्न थाली निकै निदी खोजी ।

"कति जोड्यौ जेथो जग्गा घर, किन्यौ के ?

पढ्दाखेरि लागेको त्यो ऋण छिन्यौ के ?
जागिरको बन्दोबस्त भयो भएन ?"
उसले यस्तो सोद्धा मेरो होसै रहेन ।

मैले भनेँ "अब त लौ साहित्य पो थालेँ
भए जति जेथो मैले त्यसैमाथि फालेँ
जग्गा केले किन्नु, मेरो कहाँ छ र धन
ऋण केले तिर्नु मैले, तिमी आफै भन ।"

उसले भनी "तिमीजस्तो हुस्सु पाइँदैन
के साँचै नै अझ पनि थातथलो छैन ?"
उसले फेरि भनी "हेर, मचैँ बौलाइनँ
धन्न म त 'चापागाईं' तिमीसँग गइनँ !"

(upadhyay.chapagain@gmail.com)

कविता

# म र मेरो देश



**नीमा छिरिङ भोटिया**
**(जलढक्का, कालेबुङ, भारत)**

म जस्तो छु
मेरो देश पनि उस्तै छ ।
कहिले पनि मैले जस्तै
मेरो देशले स्वार्थीपन देखाएको छैन ।
म जतिको सोझो छु
मेरो देश पनि उस्तै दयावान् छ ।
म जतिको मिलनसार छु
मेरो देश उतिकै सबैको हितकारी छ ।
तर देश चलाउने
र मलाई चलाउने यी मनहरू
यहाँ यी निरङ्कुश जातिको बनेको छ ।
देशलाई बेच्ने यी सरकार
र मलाई विवश बनाउने यी गरिबी
मे र मेरो देशको निम्ति हत्यारा बनेको छ ।
यसैबाट छुट्कारा पाउन यहाँ
हिजोआज म र मेरो देश आतुर छु ।

(nimabhotia1975@gmail.com)

कविता

# मलाई सहर नबोलाऊ !

युवा बराल 'अनन्त'

म छु एउटा सत्य छ विद्यमान
मेराहरू छन् झन् अर्को सत्य वर्तमान
अनि म हुनुको अस्तित्व र उत्तरदायित्वलाई लल्कार्दै
मलाई सहर नबोलाऊ
'म जहाँ छु त्यहीँ यथेष्ट छु' म भन्छु ।

थुप्रै प्रलोभनहरू देखाएर सहरको झिलिमिलीमा
मलाई मेरै अनुहारहरूझैँका हत्केला छाम्न नबोलाऊ
अर्काको कृत्रिम मुहारको झुठो आत्मीयता सहलाउन
ती मिथ्या संवेदना र बनावटी स्नेहको
पातलो बर्को ओडेको मान्छेको वास्तविकता चिनाउन
मलाई प्रत्येकपल्ट मेरो सहिष्णुताको परीक्षा लिँदै
आकाशपातालको कुरा गर्दै
मलाई सहर नबोलाऊ
'म जहाँ छु त्यहीँ यथेष्ट छु' म भन्छु ।

मेरा गोरेटाहरू गाउँ पनि अनि सहर पनि जान्छन्
अनि धेरै भो ती गोरेटो हुँदै
गाउँ नै सहरमा सेल्स गर्ल्सझैँ बस्न गएको
ती स्वार्थभोगी, मुनाफाखोरी, व्यभिचारी
अमान्छेहरूको बनावटी संवेदनामा खुसी भएर हाँस्ने
हाम्रै गाउँले रोपारे रानीहरूको
सहरको हावाले उडाएको बेरङ प्रतिरूप देखाउन
मलाई सहर नबोलाऊ
'म जहाँ छु त्यहीँ यथेष्ट छु' म भन्छु ।
सहरमा हरथोक बिक्छ सबथोक बिकाउ छ सबै जान्दछन्
शरीर मात्र लिएर आउनेहरू तर बिक्छन् सशरीर
मान बिक्छ, इमान बिक्छ, सम्मान बिक्छ
रातविरात गल्लीगल्छेँडाहरूबाट
न्याय बिक्छ, कानुन बिक्छ, विधान बिक्छ्
अनि बिक्छन् वर्तमान अनि भविष्यहरू

कतै दुर्व्यसन, मदमदिरा र जुवातासमा
कतै बैमान, कतै धुर्त्याइँ अनि कतै कपटको रूपमा
ती कन्क्रिट मनको अनकण्टार जङ्गलभित्र
आफ्नो अस्मिता र गरिमाको निलामी गराउन
मलाई सहर नबोलाऊ
'म जहाँ छु त्यहीँ यथेष्ट छु' म भन्छु ।

ती खोक्रे स्वाभिमानी तरूणीका अर्धनग्न निर्लज्जता
ती बोक्रे अभिमानी तन्नेरीका कुरूप पौरूष

कुनै युगपुरूषको नाममा निर्मित सडकको छेउभित्ता हुँदै
निमग्न भँगालिएका नवयुगका मोबाइल ब्लाकहोलहरू
जताततै हिँडिरहेका, सुतिरहेका, इत्रिरहेका, रूमल्लिरहेका
कुनै लक्ष्यविहीन कुनै उद्देश्यविहीन, कुनै सिद्धान्तविहीन
रङ्गालिरहेका सहरिया सभ्यताको जिउँदोजाग्दो अवस्था देखाउन
मलाई सहर नबोलाऊ
'म जहाँ छु त्यहीँ यथेष्ट छु' म भन्छु ।
मेरो गाउँ पनि तर सभ्यताले बोकेको कुकुरजस्तो
सहर सहर भुकिरहन्छ आजकल भुकिरहेछ धेरै अघिदेखि र
मेरा गाउँलेहरू गाउँलाई चटक्क माया मारी
सहर सहर कुदिरहन्छन् आजकल कुदिरहेछन् धेरै अघिदेखि र
हे मेरा साथीहरू हो ! फर्की आओ अब आफ्नो गाउँ !
तिमीले छोडेको गाउँ अब खण्डहर बन्दै छ
तिमीले माया मारेको खेतबारी, कान्ला र कन्दरा
मात्र एउटा किंवदन्ती कथा बन्दै छ
केवल
सुनेर आश्चर्य मान्नलाई
तिम्रा धर्मकर्म, जातिसंस्कार, रीतिथिति, साइनोसम्बन्धीहरू
कता कता तर्साउने बुख्याँचाझैँ जीर्णशीर्ण छन्
तिम्रा जगाजमिन, बोटबिरूवा, घरआँगन
अब रमाइला लाग्दैनन् सबै बिरान चिहान
जहाँ न कोही आँउछन् न कोही जान्छन्
मात्र विभीषिकाझैँ एउटा अघोष युद्धको
जहाँ मान्छे मरेका छैनन्, मारिएका छैनन तर पनि
उही अव्यक्त डर, भय, अभर, त्राश अनि असन्तुष्टि
उही हतासा, दिक्दारी, झन्झट अनि कमजोरी बोकी
तिमीले छोडेको गाउँबाट लगातार तिम्रो पछि पछि

गाउँलेहरू विस्थापित भइरहेछन्
सहरको चिसो आत्मियता रोज्दै
सहरको कठोर सङ्घर्षको (?) सपना देख्दै
ती हुतिहाराहरूको लाममा पसी
लुक्दै छिप्दै आऊ भन्दै
साँझ बिहान हरपल असङ्ख्य प्रलोभनहरू देखाउँदै
मलाई सहर नबोलाऊ
म छु एउटा सत्य छ विद्यमान
म हुन्छु झन् अर्को सत्य वर्तमान
अनि म हुनुको आत्मबोधलाई अवहेलना गर्दै
मलाई सहर नबोलाऊ
'म जहाँ छु त्यहीँ यथेष्ट छु' म भन्छु ।

(yuvamta@gmail.com)

कविता

# बोनस

विशाल हाङ्खिम
(सुरूक जल्ढाक्का, कालेबुङ, भारत)

कति दिनको परिश्रमले
बगाएको पसिनाको फल
हो बोनस
तिमी राजनीति गरी हडप्न खोज्ने ?
खुनपसिनाले जोडेको
त्यो आनन्दमय खुसी
हो बोनस
तिमी सित्तैमा खोस्न खोज्ने ?
चौकीमा बसी राजनीति
गरी लुटेको धन होइन बोनस
न त अगुवाइको गुणगाणले
पाएको त्यो स्याबासी हो बोनस
परिश्रम मिसिएको आफ्नो हक
अनि अधिकारले कमाएको
त्यो स्वच्छ धन हो बोनस ।

(bishalhangkhim7371@gmail.com)

कविता

# किनकि ऊ घर फर्किआएको छ



अजम प्रधान
(मिरिक, दार्जिलिङ, भारत)

बाँझा रहेका खेत खलियान आज सबै खुसीले नाचेको छन्,
परदेशीको आगमनले घरका पाल्तु जन्तु सबै हाँसेका छन्,
सुनसान लाग्ने गाउँघर– आज रमाइलो गर्दै झुमेको छ,
हलो, कोदालो, खुर्पे सबै धार लगाई तयार बसेको छ,
किनकि आफ्नो प्यारो मालिक घर फर्किआएको छ ।

थाँक्रो नपाई कोठेबारीमा नुहिएका सिमीका बोट,
मचान नपाई बेवारिस भई लत्रिएका इस्कुसका झ्याङ,
थाँक्रो पाएर काँक्राको बोटले जिउ तन्काउन सकेको छ
खेतबारीमा धान, मकै, कोदो र गहुँ लहलह भई झुलेको छ,
किनकि आफ्नो प्यारो मालिक घर फर्किआएको छ ।

बेसियार भई आधा पेट खाई बाँचेका गोठका लैना गाई,
खोरभित्रको बन्धनमा परी बाँच्न विवश घोर्ले खसी,
पखेटा फिँजाउन नपाएर कुँजिएका देउताका राता भाले,
घरको रेखदेख गर्ने  बुलु कुकुर पुच्छर हल्लाउँदै नाचेको छ,
किनकि आफ्नो प्यारो मालिक घर फर्किआएको छ ।

गाउँघरका साथीसँगी सबै आज खुसीले झुमेका छन्,
बिछोडिएर टाढा भएकी प्रियसी पनि नजिक भएकी छ,
घरका आमाबाबु, दाजुभाइ, दिदीबैनी सबै खुसी भएका छन्,
आफ्नै देशमा पसिना बगाई अन्न फलाउन उनी तयार छन्,
किनकि ऊ आफ्नै प्यारो गाउँघरमा फर्किआएको छ ।

जे गरे नि जसो गरे नि स्वदेशले उनलाई धन्यवाद दिएको छ,
परदेशबाट उसले सबैलाई आफ्नो घर फर्काइदिएको छ,
आफ्नै जग्गाजमिनमा सबैले पसिना बगाउने भएका छन्,
अब आफ्नै मेहनतले देशलाई हराभरा बनाउने भएका छन्,
किनकि कोरोना आतङ्कले गर्दा ऊ घर फर्किआएको छ ।।

(ajam.mirik@gmail.com)

कविता

# दिउँसोको अन्धकार मेटाउन



कीर्तिमणि खतिवडा
(चारहजारे, मणिपुर, भारत)

निस्पट्ट अन्धकारसँग
कसलाई लाग्दैन होला र डर ?
औँसीको रात त्यसमाथि
साउने झरीको बादलले
ढाकिएको आकाश नहोस् किन !
मलाई एक रति लाग्दैन डर ।

प्रतिकारका साधन छन् मसँग
टुकी, सलाई, राँको, पुल्ठो
ढोड, दाउरा, अगेनो वा होस् दियो
नत्र कृत्रिम टर्च, ब्याट्री वा बिजुली नै कुनै ।
वर्षायाम जूनकिरीले सहयोग दिन्छन्
ताराहरू स्वच्छ आकाश भए
त कहिले शुक्र पनि तम्सिन्छन्
भन्दै म पनि छु है तिम्रै साथमा
त्यसैले म डराउँदिनँ अँध्यारा रातसँग ।
तर म निस्प्राय हुन्छु
आद्वेलित हुन्छु
प्रकाशमानमध्ये मध्य दिनमा
सर्वत्र अन्धकारको अनुभव गर्छु ।
व्याप्त रहेर पनि अदृश्य त्यो
कुनै साधनले निर्मूल पार्न कठिन
यस अन्धकारसँग म
असाध्य डराएको छु
निराकरणका उपाय खोज्दै
पुगेको थिएँ महायज्ञका अग्निकुण्डसम्म
पुर्खाले दिएका आहुति र
उनले गरेका यज्ञकुण्डमा
कतै केही भुतभुते र भित्र
शेष रहेका छन् कि कोइला
कि कतै ढक्ढकाउँदो भुङ्ग्रो नै ?
तर दशकौँ शीत, वर्षा र हुन्डरी
सकोस् कसरी खप्न उसले पनि
भग्नावशेष यज्ञशालाका कुण्डमा आज
शेष रहेछ मात्र चिसो खरानी ।

तर साथी हो !
हार मानेको छैन
मैले आजसम्म पनि
दिउँसै अन्धकारसँगका युद्धमा
यसै प्रयासलाई सफल तुल्याउन
एउटा जुक्ति लगाएको छु तर
साथी साथ चाहिन्छ तिम्रो
नयाँ महायज्ञको यज्ञशाला सजाएको छु ।
यहाँ पुर्खाझैँ हामीले पनि
आहुति दिनुपर्ने छ
समर्पण, अर्पण र हवन
नयाँ परिवेश र परिस्थितिअनुरूप
अवश्यमेव गर्नुपर्ने छ ।
यज्ञारम्भका लागि
चाहिएको छ चोखो अरणी ज्वाला
जहाँ यो नयाँ यज्ञ आरम्भ गर्नु छ ।
जुटाइसकेको छु समिधा
तयार छन् अरणी मन्थनका
योग्य सुकेका काठ दाउरा ।

अब मात्र तिम्रो खाँचो छ
मात्र तिम्रो साथ अपेक्षित छ
नवसङ्कल्प र उत्साहले परिपूर्ण
आऊ साथी एक्लै हुँदैन घर्षण
सहभागी बन घर्षण कार्यमा
पवित्र अरणी ज्वाला उत्पन्न गराउन ।
भयौँ यदि सफल हामी भने
यज्ञकुण्डमा अरणी ज्योति प्रज्वलित गर्न
हामी सफल हुने छौँ भोलि
दिउँसोको अन्धकार मेटाउन ।

कविता

# झन्डाको एउटा रङ



उद्धवगोपाल श्रेष्ठ
(रङ्ेली, पूर्व सिक्किम, भारत)

देशको माया
झोलाभरि किताबसँगै
बोकिहिँड्ने
एउटा नागरिक हुन खोजिरहेको
भावी देशप्रेमी बबुरो म !

स्वतन्त्रता दिवस
सालमा एकपल्ट
आउँछ जान्छ
तिरङ्गा झन्डाको
रङ ओढेर

एकदुई हप्ता
परेडको अभ्याससँगै
राष्ट्रकै अध्यायजस्तो
गौरवगाथाको हरेक परिच्छेदमा
भट्याउँथे गुरु पाठशालामा
तिरङ्गा झन्डा र रङहरूको

मुग्धकण्ठले
तात्पर्य खोल्थे गुरु
"सहिदको रगत हो बग्ने
तिरङ्गा झन्डा"

यो देश आफ्नै भन्ने
देशकै लागि मरिमेट्ने
बाजेबराजुहरूको
रगत किन पन्यालो देखिन्छ
यो झन्डाको रङसँगै
अझै पनि
म जस्तै जन्मिनलाई
देशभक्तको क्रोमोजोम
किन आमाको गर्भमा तप्केन ?
झन्डाको रङहरूमा हेलिन !

तिरङ्गा झन्डामा
एउटा अर्को रङ
जो
बिचमा अल्झिरहन्छ
गुरुको आशयले
ढुलमुल भइरहन्छ
र भन्थे
"वीरताको ऐना हो
तिरङ्गा झन्डा
मुक्तिको अनुहार देखाउने"

अर्थतन्त्र नबुझेको
स्वाभिमानले पसिना नबेच्ने
मेरा बाबुहरू
रासनकार्डको हरेक गाँसमा
पुर्पुरोचैँ बन्धकमा राखेर
जिन्दगी नै चपाइरहने
उन्मुक्तिको भाषामा
किन मेरो परिचयसँगै
खुलस्त अर्थिएन
किन मेरो अनुहारमा
दुरुस्त झल्किएन ?

घोरिएर घोत्लिन्दै छु
तिरङ्गा झन्डाबिचको
एउटा
अर्को रङ जस्तै
किन
एउटा नागरिक बन्न पुगिरहेको
भावी देशप्रेमी बबुरो म !

(uddhav29shrestha@gmail.com)

कविता

# मान्छेहरू हिजोआज


नरेन बान्तवा 'विप्लवी'
(आसमलिङ्जे, पूर्व सिक्किम, भारत)


हिजोआज
कर्म अनि धर्म भुलेर मान्छेहरू
भौंतारिरहेछन्
सपनाको महल सजाउन ।

मिथ्या गफ हाँकेर
जिन्दगीको युद्ध छेड्न
पराक्रमी सम्झेर स्वयम्लाई
अर्जुन हुँ भन्ने घोषणा गर्दै
उत्तरदायित्वहरू गोजीमा राखी
चौतारी अनि भेलाहरूमा
क्रान्ति खोज्ने मान्छेहरू
हिजोआज झरी च्याउ बनेका छन् ।

मनमस्तिष्कको बारीभरि
झ्याउहरू उम्रिएर यत्रतत्र
छलकपट र विश्वासघातहरू मौलाएपछि
स्वच्छ हिमालमा लेउ लागेको छ
अनि त निष्प्राण, मुक बनेर
आफ्नैहरूको दुर्दशालाई
चुपचाप हेरिरहेछ ।

माओत्सेतुङ र नेल्सन मन्डेलाका
निष्कलङ्कित आदर्शलाई
समीक्षा गरी झुटो ठान्नेहरू
जागित्रे भई बाँचेका छन्
दृष्टिभ्रम र पथभ्रममा परेर
दिग्भ्रमित
भावी सन्तानबाट श्रापित बन्न ।


(ghalebhaigurung@gmail.com)


कविता

# कमान र बिरे


समीर सन्देश मुखिया
(नागरिक फार्म, दार्जिलिङ, भारत)


तातो भातको सम्झना गर्दै
चिसो भात चपाउँदै छ बिरेले
बोनसको आशामा
जीवन बिमा त पाउँछ कि पाउँदैन
थाहा छैन बिरेलाई
र पनि भिरपहरामा
हाँस्दै उडेको छ बिरे
हक र अधिकारका कुरा गर्नेहरू
भिरपहरामा कहाँ आइपुग्छ र
टाइमटेबलका कुरा गर्नेहरू
रासन खर्चा कहाँ सोध्छ र
तर पनि टाइममा
मेलोमा पुगेको छ बिरे
घाँटीमा नै रोटी बोकी
साइरनको पछि दगुर्दै

कामदारको आदेश हुँदै छ
छिटो आइज् काममा नत्र
भातको डेक्चीमा माकुराको
जाल लाग्ला
कराउँछ कामदारी हर्के
अपुग र अभावको
यो कमाने जीवनमा
सधैँ नै आघाकल्चो बाँचेको छ बिरे
बाहिर हाँसो भए पनि
भित्र सधैँ नै रोकेको छ बिरे
यो कमाने जीवन
नहालेर हेर्दा
युजेनथो जस्तो
भाडाको जीवन बिरेले थेकिरहेको छ ।


(sukraj.diyali@gmail.com)

कविता

# छोरी हुँ



**जीवनकुमार छेत्री**
**(पश्चिम सिक्किम, भारत)**

छोरी हुँ
मलाई भय छ
छोराको अनि छुराको
त्यसैले छोरी भएर बाँच्नुमा मलाई
पीडा छ !!

छोरी हुँ
मलाई रोक छ
समाजको अनि रीतिको
त्यसैले ... !
मलाई मेरो स्वतन्त्रतामा
दाग छ !

छोरी हुँ
रोकिन्छ मेरा स्वर
रून अनि कराउन बाध्य छु
त्यसैले ... !
मलाई विभिन्न आरोप लाग्छ ।

छोरी हुँ
शिक्षा अनि व्यवहारलाई हेर्दछ
समाज मानवतालाई सम्झन्छु
त्यसैले ... !
सङ्कुचित समाज असभ्य लाग्छ !

छोरी हुँ
बाँचेको छु केवल श्वास मात्र छ,
जीवन र मृत्युको दोसाँधमा
त्यसैले ... !
अनर्थ लाग्छ जीवन जिउनमा !

(chettrijiwankumar12@gmail.com)

कविता

# रैथाने



**गायत्री भट्टराई**
**(ओदालगुडी, असम, भारत)**

मेरा बाजेबराजुका
रगत र पसिनामा
भिजेका यहाँका माटामा
मेरा शैशवले
त्यही सुगन्धबाट लय भर्छ
जीवनको ।

तिमीले मान या नमान
यसरी नै बद्लिन्छ
भूगोल र थान ।

गुनासो छैन
म मेरा
नाति पनातिको बाजे
बराजु बन्दा
इतिहासले
मलाई प्रवजित भनोस्
या आप्रवासी ।

छुट्टिँदाछुट्टिँदै
जाति वंश
कुल घराना
रोज्दारोज्दै
तिमी
जब एक्लो हुन्छौ
मलाई खोज्नू
म
तिम्रो भइदिन्छु
भई सहन्छु ।

(gbudalguri@gmail.com)

कविता

# मान्छे

देवकुमार दमी
(सिक्किम, भारत)

जिन्दगीको गन्धे झार
रोई रोई उखेल्दै
दाल भात डुकुको समस्या
थाप्लोभरि भरि बोकेर
अरूको समस्याको कथा सुन्छ ऊ
दर्द लुकाई आफ्नो दिलभित्र
अरूको विरहव्यथा सुन्ने गर्छ ऊ ।
दया माया करूणा
मानवताको मूर्ति
ईश्वर बुझ्ने अस्तित्व ऊ ।
घृणा क्रोध घमन्ड
स्वार्थ लोभ पालेर
हुँकार गर्ने अबुझ शठ ऊ ।
विगत वर्तमान र भविष्य
समयको अनौठो अन्तराल ऊ ।

समाज निर्माता ऊ
संसार बिथोल्ने ऊ
फगत एउटा तत्त्व ऊ ।
ब्रह्माण्ड ग्यालेक्सी सबै चहार्ने
तारा नक्षत्र गन्ती गर्ने
असीमित गम्भीरता रहस्य ऊ ।
साथी कसैको दुस्मन कसैको
मन्द ढुकढुकी ऊ ।
विश्वको यावत् प्राणीहरूमा
अग्रिम पङ्क्तिमा ठिङ्ग उभिएको
फगत् एउटा जिन्दगी
भिडभित्र बिलाएको
फगत एउटा मान्छे ऊ ।

(chekkappa100@gmail.com)

कविता

# एउटा आस्था एउटा आशा

मञ्जुला तामाङ सुब्बा
(भारत)

हिजोसम्म थियौ कोपिला
स्याहारेँ तिमीलाई ।
अहा ! आज फुल्यौ सम्हालेँ तिमीलाई
भोलि फेरि मुर्झाउँछौ
लुकाउँछु तिमीलाई ।
मन बुझाउँछु
खुसी हुन्छु ।
तिमी फेरि फुल्ने आशामा
रमाउँछु भोलिलाई ।
मेरा फूलबारीका फूल
'ईजाहाङ्मा'
फूलैसरह खिल्खिलाउँथ्यौ
तिम्रो सुगन्ध मनमोहिनी आलै छ ।
तिम्रा सुमधुर आवाजहरू कानैभरि
मेरा धड्कनमा छन् ।
अदृश्य बन्यौ आँखाहरू रसिन्छन्

यी ठूला संसारबाट कहाँ हरायौ ?
छातीभित्र नमेटिने तृष्णा बनी
कहिले नफर्किने बिदा किन लियौ ?
तिमीसँगैको फूलको बोट झरिलै छ
अझ तिमीसँगैका बिरूवाहरू मौलाएका छन्
अझ तिम्रै हातले रोपेका फूलहरू
अवश्यै फुल्ने छन्
तिमीले स्याहारेका बिरूवाहरू
वृक्ष बन्ने छन् ।
फूल फुल्दा रमाउनु तिमी
यिनका सुगन्धमा मस्त हुनु तिमी
सदा शान्त बनी ईश्वरकी पुत्री हुनू तिमी
हे मेरी छोरी !
अदृश्य भएरै पनि बाँचिरहनू तिमी ॥

(krishanu1956@gmail.com)

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |